प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गतको प्रमाणपत्र तह सामान्य चिकित्सा कार्यक्रममा अनलाइन आवेदन फाराम भरेका आवेदकहरुलाई अत्यन्त जरुरी सूचना**

**(सूचना प्रकाशित मिति २०८२।०५।२२ गते)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालयको मिति २०८२।०४।०९ गते प्रकाशित डिप्लोमा/प्रमाणपत्र तहको सामान्य चिकित्सा कार्यक्रममा ५ वटा शिक्षण संस्थामा गरेर दलित, मुस्लिम, बिपन्न र सिमान्तकृत समुदायका छात्रछात्राहरुको लागि १५२ सिट तथा प्राविधिक शिक्षामा पहुंच नपुगेका ७८ पालिकामा स्थायी बसोबास गर्ने छात्रछात्राहरुको लागि ४८ सिट गरी जम्मा २०० सिट छुट्याइएकोमा आवेदकहरुले १ वटा शिक्षण संस्थालाई मात्र छनौट गरेको हुंदा उक्त छनौट गरेको शिक्षण संस्थाका अतिरिक्त ४ वटा शिक्षण संस्थालाई Online Application Form मा गई अन्य ४ वटा शिक्षण संस्थाको नाम Pop UP मा देखिने गरी राखिएकोले यो सूचना प्रकाशित भएको मितिले ३ दिन (**मिति २०८२।०५।२४**) भित्रमा उक्त शिक्षण संस्थालाई Drag and Drop गरी शिक्षण संस्था प्राथमिकीकरण गर्नु हुन भनी सम्पुर्ण आवेदकहरुको मोवाइल नं मा Bulk SMS समेत पठाइसकिएको छ साथै सो प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी तोकिएको मितिभित्र अनिबार्य रुपमा प्राथमिकीकरण गर्नु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**शिक्षण संस्था प्राथमिकीकरण गर्ने तरीका :**

१. Online Application Form मा गई आवेदन दिंदा प्रयोग गरिएको User Name र Password राखी लग इन गर्नुहोस्।

२. आफूले आवेदन फाराम Submit गर्दा छनौट गरेको शिक्षण संस्था पहिलो प्राथमिकतामै रहने हुंदा Pop up मा देखिएको शिक्षण संस्थाहरुलाई आफ्नो प्राथमिकता अनुसार Drag and Drop गरी क्रमसंख्या मिलाउनुहोस् र Submit गर्नुहोस्।

३. शिक्षण संस्थाको प्राथमिकीकरण एक पटक मात्र Submit हुनेछ।

**परीक्षा नियन्त्रक**